मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

नेपाली भाषा तथा साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीको अवसरमा नेपाल तथा विश्वभर रहेका नेपाली समुदायले श्रद्धापूर्वक मनाउने एक महत्वपूर्ण साहित्यिक तथा साँस्कृतिक पर्व भानु जयन्तीका अवसरमा कोशी प्रदेश एवम् देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली समुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

आदिकवि भानुभक्त आचार्यले संस्कृत भाषामा लेखिएको रामायणलाई सरल र सहज नेपाली भाषामा अनुवाद गरी नेपाली भाषाको विकास र सर्वसाधारणमा साहित्यको पहुँच विस्तार गर्न महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ। उहाँले भाषा, साहित्य र संस्कृतिमार्फत नेपालको साँस्कृतिक र साहित्यिक एकीकरण गर्नुभएको छ। एक सामान्य घाँसीले "जन्मेपछि राम्रो काम गरेर नाम कमाउनुपर्छ" भनी दिएको अर्तीबाट प्रेरित भई 'नेपाली भाषाको रामायण', 'वधुशिक्षा', 'प्रश्नोत्तर', 'भक्तमाला', 'रामगीता' लगायत रचनाहरुका माध्यमबाट भानुभक्तले नेपाली साहित्यलाई समृद्ध बनाउनु भएको छ। नेपालको राष्ट्रिय पहिचान, साँस्कृतिक चेतना, जातीय सद्भाव र राष्ट्रिय संस्कृतिको जग बलियो बनाउन भानुभक्तको ऐतिहासिक योगदान छ।

२१३ औं भानु जयन्तीले नेपाली भाषा र साहित्यमा भानुभक्तको योगदानको सम्मान गर्दै नयाँ पुस्तालाई नेपाली भाषा, साहित्य र संस्कृतिप्रति आकर्षित गराई नेपाली भाषाको संरक्षण, संवर्धन र प्रचारप्रसार गर्न प्रेरित गर्नेछ भन्ने विश्वास लिएको छु। आजको दिन साहित्यकार तथा स्रष्टाहरूको सम्मान र प्रोत्साहनका लागि गरिने विभिन्न साहित्यिक कार्यक्रमहरुले नेपाली साहित्यको विकास र विस्तारमा थप टेवा पुग्नेमा विश्वस्त छु। सरल, मिठासपूर्ण र जनबोलीमा आधारित लेखन शैलीबाट धार्मिक र नैतिक शिक्षालाई जनसाधारणसम्म पुऱ्याउँदै नेपाली भाषालाई साहित्यिक रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्नुभएका आदिकवि भानुभक्त आचार्यप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

अन्त्यमा, भानु जयन्तीले भानुभक्त आचार्यको अमूल्य योगदानको स्मरण गर्दै नेपाली भाषा, साहित्य, संस्कृति र राष्ट्रिय पहिचानप्रतिको सम्मानलाई अझ अभिवृद्धि गरी नेपाली भाषाको संरक्षण र समृद्धिका लागि सबैमा प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

२९ असार २०८३

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री